जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६१ • २०८३ साल कार्तिक १८ गते बुधबार (4 November, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

टाउकोमा कपडा बाँधेर प्रदेश सरकार विरुद्ध धर्ना



टुडे समाचारदाता

जनकपुरधाम । वन तथा वातावरण मन्त्रालय र मातहतका निकायमा कर्मचारी सरुवा प्रक्रिया विपरीत अपारदर्शी रुपमा भएको आरोप लगाउँदै मधेश भवन अगाडि चुरे तथा वनजंगल संरक्षण अभियानले विरोध प्रदर्शन गरेको छ।

जनकपुरधाममा मंगलबार मधेश प्रदेश भवन अगाडि अभियान्ताहरुले टाउकोमा कालो कपडा बाँधेर एक घण्टा धर्ना दिएका छन् । सरुवा प्रक्रियामा पहुँच र राजनीतिक प्रभावका आधारमा कर्मचारीलाई विभेद गरिएको भन्दै उनीहरूले प्रदेश सरकारको ध्यानाकर्षणसमेत गराएका छन् ।

सो प्रदर्शनका क्रममा अभियानका अध्यक्ष सुनिलकुमार यादवले मुख्यमन्त्री, प्रदेशका सचिव तथा मन्त्रालयका जिम्मेवार अधिकारीहरूले विधि र प्रक्रिया मिचेर कर्मचारी सरुवा गरेको आरोप लगाए । उनले पहुँच भएका कर्मचारीको सरुवा गरिएको छैन भने पहुँच नभएका कर्मचारीलाई मात्र सरुवा गरेर विभेद गरिएको बताए।

धर्नापछि अभियानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर प्रदेशका प्रमुख सचिवलाई ज्ञापनपत्र बुझाएका थिए।

अभियानले ज्ञापनपत्रमार्फत सातबुँदे माग अघि सारेको छ । जसमा पहुँच र राजनीतिक प्रभावका आधारमा रोकिएका सरुवा अवधि पूरा गरेका कर्मचारीको तत्काल निष्पक्ष सरुवा गर्नुपर्ने, मन्त्रालयका विभाग, निर्देशनालय तथा जिल्लास्थित मातहतका कार्यालयमा सरुवा मापदण्ड समान रूपमा लागू गर्नुपर्ने माग छन्।

त्यस्तै, सरुवा भएका केही कर्मचारीको हकमा भएका सामान्य त्रुटि तत्काल सच्याउनुपर्ने, कर्मचारीलाई अनिवार्य रूपमा फरक जिल्लामा सरुवा तथा पदस्थापन गर्नुपर्ने र सरुवा प्रक्रिया रोक्न भइरहेको राजनीतिक संरक्षण, अपारदर्शी चलखेल तथा अनैतिक सम्झौता बन्द गर्नुपर्ने माग गरिएको छ।

रिजाल क्यानिङ जग्गा प्रकरणमा मुद्दा

पूर्वप्रधानमन्त्री नेपाल र पूर्वमन्त्री रिजाल मुख्य अभियुक्त, ७३ करोड ४९ लाख बिगो मागदाबी

टुडे समाचारदाता

काठमाण्डु। सरकारी जग्गा बदनियतपूर्वक सट्टापट्टा तथा बिक्री-वितरण गरी राज्यलाई करोडौँ रुपैयाँ नोक्सानी पुऱ्याएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र पूर्वमन्त्री डा. मीनेन्द्र रिजालसहित ९७ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का सहसंयोजकसमेत रहेका पूर्वप्रधानमन्त्री नेपाल र नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वमन्त्री रिजाललाई यस प्रकरणका मुख्य कसुरदार ठहर गर्दै जनही ७३ करोड ४९ लाख ५६ हजार रुपैयाँ बिगो मागदाबी गरेको छ। सरकारी जग्गा हत्याउने उद्देश्यले राजनीतिक नेतृत्व, कम्पनी सञ्चालक र कर्मचारीको मिलेमतोमा गैरकानुनी निर्णय तथा प्रक्रियाहरू अघि बढाइएको अख्तियारको आरोप छ।

यस प्रकरणको जरो २०३२ सालसम्म पुग्छ। तत्कालीन सरकारले राजपत्रमा सूचना प्रकाशित गरी रिजाल क्यानिङ एण्ड कम्पनी प्रालिलाई फलफूल उद्योग सञ्चालन गरुन्जेल मोरङ र सुनसरीमा हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिएको थियो। तर, कम्पनीले सर्त अनुसार उद्योग सञ्चालन नगरी मोरङको तत्कालीन विराटनगर उपमहानगरपालिका-३ स्थित कित्ता नम्बर ४८ र ७१ को जग्गा



बेवारिसे छाडेको थियो।

उक्त जग्गा घेराबारसमेत नगरी छाडिएकाले स्थानीयले फोहोर तथा मरेका चौपाया फाल्ने ठाउँका रूपमा प्रयोग गर्न थालेका थिए। पछि लागुऔषध दुर्व्यसनीको अखडासमेत बनेको अनुसन्धानबाट खुलेको अख्तियारको भनाइ छ।

कम्पनीले सर्त उल्लंघन गरेको पाइएपछि सरकारले २०४८ सालमै उक्त जग्गा जफत गर्ने निर्णय गरी रोक्का राखेको थियो। कानुन अनुसार त्यस्तो जग्गा सरकारी कायम हुनुपर्ने भए पनि कम्पनीका सञ्चालक, राजनीतिक नेतृत्व र कर्मचारीको मिलेमतोमा फुकुवा गरी सट्टापट्टा गर्ने प्रक्रिया अघि बढाइएको अख्तियारको अनुसन्धानमा उल्लेख गरिएको छ।

भूमिसुधार कार्यालय मोरङलगायत विभिन्न सरकारी निकायका कर्मचारीले जग्गा सट्टापट्टाका लागि योग्य रहेको भन्दै झुटो सिफारिस तयार पारेको आयोगको आरोप छ। यही प्रक्रियामा तत्कालीन प्रधानमन्त्री नेपाल र तत्कालीन संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री रिजालको भूमिका देखिएको अख्तियारले जनाएको छ।

आयोगले जनाए अनुसार सरकारी जग्गा जफत भइ राज्यकै स्वामित्वमा आउनुपर्ने तथ्य जान्दाजान्दै नेपालले बदनियतपूर्वक सट्टापट्टाको प्रस्ताव मन्त्रिपरिषद्मा पेश गराएका थिए । मन्त्रिपरिषद्ले उक्त प्रस्ताव सामाजिक समितिमा पठाएपछि समितिका संयोजक रहेका रिजालले २०६६ पुस १६ गते सट्टापट्टाको अन्तिम निर्णय गराएका थिए । अख्तियारले उक्त निर्णय गैरकानुनी लाभ लिने र दिने उद्देश्यबाट प्रेरित रहेको दाबी गरेको छ।

सट्टापट्टाको निर्णयपछि रिजाल क्यानिङले विराटनगरस्थित चार बिघा पाँच कट्ठा नौ धुर बहुमूल्य जग्गा आठ करोड ३८ लाख ६२ हजार पाँच सय रुपैयाँमा बिक्री गरेको थियो। त्यसको सट्टामा कम्पनीले मोरङकै तत्कालीन बनिगामा गाविसमा रहेको खोलाले कटान गरेको, खाल्डाखुल्डी भएको र प्रयोगविहीन जग्गा १२ लाख ८५ हजार रुपैयाँमा खरिद गरेको देखाइएको थियो।

यसरी बहुमूल्य जग्गा बिक्री गरी अत्यन्त कम मूल्यको जग्गा सट्टामा लिँदा राज्यलाई ठूलो आर्थिक नोक्सानी पुगेको र प्रतिवादीहरूले गैरकानुनी लाभ लिएको अख्तियारको निष्कर्ष छ।

यस प्रकरणमा तत्कालीन भूमिसुधार सचिव छविराज पन्त, विभिन्न मन्त्रालयका उपसचिव, मालपोतका कर्मचारी तथा झुटो सिफारिस तयार पार्न संलग्न विद्यालयका प्रधानाध्यापकसमेत मुछिएका छन् । रिजाल क्यानिङका छ जना सञ्चालकलाई पनि मुख्य कसुरदारका रूपमा सजाय माग गरिएको छ।

त्यस्तै, तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरे र मन्त्री डम्बर श्रेष्ठसहित मृत्यु भइसकेका आठ जना पदाधिकारी तथा सञ्चालकका हकमा उनीहरूका हकवालाबाट बिगो असुल गर्न माग गरिएको छ।

गैरकानुनी प्रक्रियाबाट जग्गा खरिद गरी हाल आफ्नो नाममा राखेका ४२ व्यक्ति तथा संस्थालाई भने सजायको मागदाबी गरिएको छैन। उनीहरूलाई जग्गा जफत गरी सरकारी कायम गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको अख्तियारले जनाएको छ।

चाडपर्वले चलायमान बनायो बजार, उपभोक्तालाई सास्ती

टुडे समाचारदाता

जनकपुरधाम । दशैँ सकिएलगत्तै दीपावली, तिहार र छठ पर्व नजिकिएपछि मधेश प्रदेशसहित देशभरका बजारमा किनमेल गर्ने उपभोक्ताको चहलपहल बढेको छ । तर उपभोक्ताले सुपथ मूल्यमा सामग्री बिक्री गर्न माग गरेका छन्।

चाडपर्व लक्षित व्यापारिक गतिविधि विस्तार भएसँगै दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडा, गरगहना, विद्युतीय उपकरण र सवारीसाधनसम्मको कारोबार बढेको छ । यसले सुस्त रहेको बजारलाई चलायमान बनाउनुका साथै होटल, रेस्टुरेन्ट, यातायात तथा पर्यटन क्षेत्रको आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पारेको छ।

जनकपुरधामको शिवचोक, रामचोक, मुरलीचोक र जानकी चोकलगायत मुख्य व्यापारिक क्षेत्रमा बिहानदेखि साँझसम्म किनमेल गर्ने उपभोक्ताको भीड देखिन थालेको छ । चाडपर्वमा नयाँ लुगा लगाउने, घर सजाउने, मिठाइ तथा परिकार बनाउने र आफन्तलाई उपहार दिने परम्पराका कारण बजारमा विभिन्न वस्तुको माग बढेको व्यवसायी बताउँछन्।

उपभोक्तालाई आकर्षित गर्न व्यापारीले मूल्य छुट, उपहार तथा विशेष प्याकेज सार्वजनिक गरेका छन् । विशेषगरी लत्ताकपडा, जुत्ता, इलेक्ट्रोनिक्स, फर्निचर र घरायसी सामग्रीका पसलमा चाडपर्व लक्षित योजना सञ्चालन भइरहेका छन् । दशैँपछि दीपावली, तिहार र छठका लागि आवश्यक सामग्री खरिद गर्ने क्रम बढेकाले बजारमा कारोबारको चाप थपिएको छ।

अर्थशास्त्री सञ्जय साह चाडपर्वका बेला घरपरिवारको खर्च बढ्ने र व्यवसायीले ग्राहक आकर्षित गर्न छुटका योजना



ल्याउने भएकाले वस्तु तथा सेवाको माग विस्तार हुने बताउँछन् । चाडपर्वमा हुने खर्चले उत्पादन, वितरण र बिक्री प्रक्रियालाई सक्रिय बनाउने उनको भनाइ छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले चाडपर्वको कारोबारले वर्षभरिको व्यापारिक चक्रमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले चाडपर्वमा दैनिक उपभोग्य वस्तुका अतिरिक्त फर्निचर, विद्युतीय उपकरण तथा अन्य टिकाउ सामग्रीको खरिद पनि बढेको बताए। उपभोक्ताले चाडपर्वमा उपलब्ध हुने छुट र सहुलियतको प्रतीक्षा गर्ने भएकाले यस्ता वस्तुको बिक्रीमा वृद्धि हुने गरेको उनको कथन छ।

चाडपर्वको प्रभाव खुद्रा व्यापारमा मात्र सीमित छैन । होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी, यातायात तथा सञ्चार सेवामा समेत यसको सकारात्मक प्रभाव परेको छ । घर फर्किने तथा आफन्तसँग भेटघाट गर्न यात्रा गर्नेको संख्या बढ्दा सार्वजनिक यातायात र हवाई सेवाको माग बढेको छ । पारिवारिक जमघट र घुमफिरका कारण होटल तथा रेस्टुरेन्ट व्यवसायले पनि थप कारोबारको अवसर पाएका छन्।

नेपाल चेम्बर अफ कमर्श मधेश प्रदेशका अध्यक्ष विजयकुमार साहले चाडपर्वमा उपभोक्ताको माग बढ्दा व्यापारी, दुवानी व्यवसायी, श्रमिक र सेवा प्रदायकले समेत काम पाउने अवसर बढ्ने बताए। चाडपर्वमा कर्मचारीले पाउने अतिरिक्त आम्दानीले बजारमा किनमेल बढाउन सहयोग गर्ने उनले बताए।

मधेश प्रदेशको आठवटै जिल्लाका सहरी तथा ग्रामीण बजारमा लत्ताकपडा, खाद्यान्न, मिठाई, पूजासामग्री र घरायसी वस्तुको बिक्री बढेको छ।

जनकपुरधाममा दशैँदेखि छठसम्म सञ्चालन हुने सस्ता बजारले उपभोक्तालाई एउटै स्थानमा विभिन्न सामग्री खरिद गर्ने अवसर दिएका छन् । यस्ता बजारबाट स्थानीय उत्पादक, घरेलु उद्यमी र साना व्यवसायीले समेत लाभ लिन सक्ने अपेक्षा गरिएको छ।

चाडपर्वमा बजारको माग बढ्नुको अर्को महत्वपूर्ण आधार वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण हो। नेपाल राष्ट्र बैंकले जनाए अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह दुई खर्ब १५ अर्ब पाँच करोड रुपियाँ पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.२ प्रतिशतले बढी छ । विदेशमा रहेका नेपालीले परिवारको खर्च व्यवस्थापन र चाडपर्व मनाउन रकम पठाउँदा ग्रामीण क्षेत्रको उपभोग तथा बजारको माग बढाउन सहयोग पुगेको छ।


चाडपर्वमा बढ्ने कारोबारसँगै मूल्यवृद्धि, कृत्रिम अभाव, गुणस्तरहीन तथा म्याद गुज्रिएका वस्तुको बिक्रीजस्ता समस्या देखिन सक्ने जोखिम पनि उत्तिकै छ । त्यसैले बजार अनुगमन प्रभावकारी बनाउँदै उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउनुपर्ने आवश्यकता छ । व्यापारीले मूल्य र छुटसम्बन्धी विवरण स्पष्ट पार्ने तथा उपभोक्ताले मूल्य तुलना गरी बिल लिएर सामान खरिद गर्ने अभ्यासलाई प्राथमिकता दिनुपर्छ।

चाडपर्वमा बढ्ने उपभोगलाई स्थानीय उत्पादनसँग जोड्न सके यसको आर्थिक लाभ गाउँदेखि सहरसम्म विस्तार हुन सक्छ । मधेश प्रदेशमा उत्पादित खाद्यान्न, मिठाई, हस्तकला, परम्परागत पोसाक र घरेलु सामग्रीको बिक्री प्रवर्द्धन गर्न सके स्थानीय उत्पादक तथा साना उद्यमीको आम्दानी बढ्नेछ।

तर चाडपर्वको अवसर पारेर खाद्यान्नदेखि विभिन्न सामग्रीको मूल्य आकाशिएको भन्दै स्थानीय उपभोक्ताहरुले सुपथ मूल्यमा सामग्रीहरु पाउनुपर्ने माग गरेका छन्।

स्थानीय ममता देवी मण्डलले चाडपर्वको अवसर पारेर पूजाअर्चनाका लागि आवश्यक सामग्रीहरुको चर्को मूल्य वृद्धि गरी बिक्री भइरहँदा पनि सरोकारवाला निकायले यसप्रति अनुगमन गर्न माग गरिन्। उपभोक्ताको हितलाई ध्यान राख्दै सामग्रीहरुको बिक्री गर्न व्यवसायीहरुसंग आग्रहसमेत उनले गरिन्।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

शक्तिशाली विचौलिया इनम

नेपालको राजनीतिक लगायत न्यायालय, सुरक्षा समेतको निकायलाई हल्लाउने इनम सापकोटा आखिर यति शक्तिशाली कसरी भए ? पटक पटक सार्वजनिक भइरहेको उनको कथन (बयान)ले देशका अत्यन्त प्रभावशाली व्यक्तिहरु विवादमा तानिन थालेका छन् । देशमा मात्र नभै विदेशमा समेत उनको तार जोडिएको छ। इलमसित नाम जोडिएको कारण सर्वोच्च अदालतको केही न्यायाधिशहरु समेत संकटमा परेका छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरीका नेतृत्वकर्ताहरु समेत विवादमा तानिएका छन् । आन्दोलन गर्ने जेन- जीहरुले देशको सत्तामा आमूल परिवर्तन गरे । उनीहरुको लगानीले देशमा सत्ता परिवर्तन भयो । वर्षौपछि देशमा कुनै एउटा राजनीतिक दलको पक्षमा झण्डै दुई तिहाइ बहुमत प्राप्त भयो । सरकारमा प्रधानमन्त्रीदेखि मन्त्रीहरु र सांसदहरुमा जेन- जीको बर्चस्व छ। जेन- जी आन्दोलनले राजनीतिक परिवर्तनसँगै धेरै क्षेत्रमा परिवर्तन गरेको छ । कतिपय परिवर्तनलाई सकारात्मक मानिएको छ । तर कतिपय परिवर्तनको आलोचना भइरहेको छ । हालको जस्तो परिवर्तन भने पहिले भएको थिएन । राजनीतिक परिवर्तन भए पनि अन्य परिवर्तन हुन सकेको थिएन । देशमा नयाँ सरकार गठन भएको ८ महिना पुगेको छ । त्यो अवधिमा ठूला स्केन्डल र विचौलियाहरु सार्वजनिक भएका छन् । देशका कयौं ठूला उद्योगी व्यवसायीहरु कानुनको दायरामा आएका छन् । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पनि सरकारले हिरासतमा लिएको थियो । तर उनीहरु हिरासतमा रहने दोषी ठहर हुन सकेन । कयौं उद्योगी व्यवसायी, कयौं उच्चपदस्थ कर्मचारीहरु विभिन्न अभियोगहरुमा कारबाहीमा परे । कयौं उच्च पदस्थ कर्मचारीहरु हटाइए । ती सबै विषय निकै चर्चामा रह्यो । तर पछिल्लो समयमा इनम सापकोटाले खोलेका कयौं घटनाक्रमहरुको कारण देशको सबै क्षेत्र तरंगित बनेको छ। देशमा को दोषी र को निर्दोष यकीन हुन सकिरहेको छैन । इनम जस्ता अन्य दुई चार जना विचौलिया फेला परे ठूलो उथलपुथल नै हुन सक्छ। राजनीतिक अस्थिरता तर्फ बढ्न थालेको विश्लेषकहरु बताउँछन्। आखिर विचौलिया इनम कसरी यति शक्तिशाली भए ? उनले चाहेका राजनीतिकर्मी, न्यायाधिश, सुरक्षा अधिकारीहरु लगायतसित सहजै भेट्न कसरी पाएका थिए ? उनको विषयमा जानकारी पाएर नै उच्च पदस्थ व्यक्तिहरु उनको सम्पर्कमा थिए होलान् ? सांसद र मन्त्रीहरु पनि इनमको सम्पर्कमा रहेको देखिएको छ । आखिर भर्खरका युवा इनम सापकोटा विगतमा कुनै प्रसंगमा चर्चामा आएका हस्ती होइनन् । तर उनको सम्पर्क त बहुत गहिरो रहेको देखिन्छ । इनमले उजागर गरेका तथ्यहरुले देशको हरेक निकायमा पुनर्संरचना आवश्यक देखिएको छ । त्यसका लागि सरकारले कस्तो कदम चाल्ने त्यो हेर्न बाँकी छ ।

मन्द विषको व्यापार र उपभोक्ता अधिकार : कानुन छ, सुरक्षा खोइ ?



पुष्पराज भट्टराई

हाम्रो भान्सामा पाक्ने खाना परिवारको स्वास्थ्य र जीवनसँग जोडिएको हुन्छ । बिहानदेखि बेलुकासम्म हामी बजारबाट ल्याएका खाद्यवस्तुमा निर्भर छौं । तर ती वस्तु कति स्वच्छ छन्, तिनमा प्रयोग भएका सामग्री खानयोग्य छन् कि छैनन् र प्याकेटमा लेखिएको विवरण वास्तविक उत्पादनसँग मेल खान्छ कि खाँदैन भन्नेबारे हामी कति जानकार छौं ? उपभोक्ताले मूल्य तिरेपछि सुरक्षित वस्तु पाउनु सामान्य अपेक्षा हो । तर नाफाको होडमा म्याद नाघेका सामग्री पुनः प्याकेजिङ गरेर बेच्ने, अखाद्य वस्तु मिसाएर खाद्य उत्पादन गर्ने र गुणस्तरको गलत विवरण दिने प्रवृत्तिले यही अपेक्षामाथि प्रश्न उठाएको छ । यस्तो अवस्थामा उपभोक्ताको स्वास्थ्यको जिम्मेवारी कसले लिने ? कानुनले दिएको अधिकार व्यवहारमा कित अनुभूत हुन सकेको छैन ?

बजारको नाफा र नागरिकको स्वास्थ्य

बजारबाट किनेर ल्याएको मिठाईमा उल्लेख गरिएका पौष्टिक सामग्री नै नभेटिनु, म्याद नाघेका खाद्यवस्तु नयाँ प्याकेटमा बिक्रीका लागि तयार पारिनु र कुहिएका सामग्री प्रयोग गरेर खाद्य पदार्थ उत्पादन हुनु सामान्य व्यापारिक त्रुटि होइन । यो नागरिकको स्वास्थ्य र उपभोक्ताको विश्वासमाथिको गम्भीर प्रहार हो ।

खाद्यवस्तुको उत्पादन, प्रशोधन, भण्डारण र बिक्रीमा विशेष सावधानी आवश्यक हुन्छ। तर नाफा कमाउने प्रतिस्पर्धाले खाद्य स्वच्छता र गुणस्तरका आधारभूत मान्यतालाई चुनौती दिइरहेको छ। उपभोक्ताले पैसा तिरेर सुरक्षित खाद्यवस्तु पाउने कि नपाउने भन्ने प्रश्न अझै अनुत्तरित छ ।

नेपालको संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले यस अधिकारलाई कानुनी आधार दिएका छन्। तर कानुनको व्यवस्था र बजारको वास्तविक अवस्थाबीच अन्तर छ। प्रश्न कानुन बनेको छ कि छैन भन्ने होइन, त्यसले नागरिकको भान्सा कति सुरक्षित बनाएको छ भन्ने हो ।

उपभोक्ता अधिकार : संविधानको व्यवस्था र बजारको वास्तविकता

उपभोक्ता अधिकार भन्नाले वस्तु तथा सेवा खरिद गर्ने व्यक्तिले सुरक्षित, गुणस्तरीय र न्यायोचित मूल्यमा आवश्यक सामग्री प्राप्त गर्न पाउने अधिकार बुझिन्छ। यसमा वस्तुको मूल्य, परिमाण, गुणस्तर र उत्पादनसम्बन्धी सूचना पाउने अधिकार पनि पर्छ। गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेमा क्षतिपूर्ति माग्न पाउने व्यवस्था यसै अधिकारको महत्त्वपूर्ण पक्ष हो ।

संविधानको धारा ४४ को उपधारा (१) ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक दिएको छ। उपधारा (२) ले गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३ ले सुरक्षित वस्तु प्राप्त गर्ने, मूल्य र गुणस्तरबारे जानकारी पाउने, छनोट गर्ने, गुनासो सुनुवाइ गराउने र क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

तर व्यवहारमा बिल नदिने व्यवसायी, अस्पष्ट लेबल, गलत विज्ञापन, कृत्रिम मूल्यवृद्धि र म्याद गुज्रिएका वस्तुको बिक्रीले उपभोक्तालाई कमजोर बनाएको छ। बजारमा उपभोक्तालाई राजा भनिन्छ। तर आफ्नो अधिकार प्रयोग गर्न नसक्ने उपभोक्तालाई बजारको राजा भन्नु औपचारिकताबाहेक केही होइन।

मिठाईको नाममा अखाद्य वस्तुको कारोबार

२०८३ असोजमा काठमाडौं उपत्यकामा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गरेको अनुगमनले खाद्य सुरक्षाको अवस्थाबारे गम्भीर प्रश्न उठाएको छ। काठमाडौंको कागेश्वरीस्थित बिबी खाद्य उद्योगमा अनुमतिपत्र नवीकरण नगरी म्याद नाघेका दालमोठ र पास्ता प्याकेजिङ गरिएको तथा कुहिएका आलु प्रयोग गरेर चिप्स उत्पादन गर्ने तयारी भइरहेको भेटिएको थियो। चन्द्रागिरिस्थित सिद्धिविनायक खाद्य स्टोरमा म्याद नाघेका हरियो केराउ र कालो भटमास भेटिएपछि ती सामग्री नष्ट गरिएको थियो। यससम्बन्धी विवरण गोरखापत्रमा प्रकाशित भएको छ ।

चन्द्रागिरि नगरपालिका-१५, ढुङ्गेअड्डास्थित श्री कृष्ण पुष्टकारी तथा गुदपाक भण्डारको अनुगमनमा सार्वजनिक भएको अर्को तथ्य झनै चिन्ताजनक थियो। उद्योगका उत्पादनमा खुवा, दूध, नरिवल, काजु र बदामजस्ता पौष्टिक सामग्री प्रयोग गरिएको उल्लेख थियो। तर अनुगमनमा भेटिएका कच्चा पदार्थले उक्त विवरणसँग मेल खाँदैनथे ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको विवरणअनुसार त्यहाँ म्याद नाघेको चिउरा, चकलेट, खुला बिस्कुटका टुक्रा, किरा परेको भुटेको चना, चनाको पिठो, स्किम मिल्क पाउडर, चामलको पिठो, किरा परेको बदाम र ओट्स प्रयोग भइरहेको भेटिएको थियो। म्याद नाघेका केही खाद्यवस्तुमा नयाँ लेबल लगाएर पुनः बिक्रीका लागि तयार पारिएको अवस्थासमेत सार्वजनिक भयो।

अनुगमनमा करिब दुई लाख ६० हजार रुपैयाँ बराबरका अखाद्य कच्चा पदार्थ तथा तयारी गुदपाक र पुष्टकारी जफत गरी नष्ट गरिएको विवरण प्रकाशित भएको छ। विभागले उद्योगको उत्पादन तथा बिक्री वितरण रोक्का गरी सिलबन्दी र नमुना परीक्षणको प्रक्रिया अघि बढाएको थियो। यस घटनाबारे अनलाइनखबर र गोरखापत्रले समाचार प्रकाशित गरेका छन् ।

यी घटनाले प्याकेटमा लेखिएको विवरण र वास्तविक उत्पादनबीचको सम्बन्धमाथि प्रश्न उठाएका छन्। उपभोक्ताले लेबलमा लेखिएको जानकारी विश्वास गरेर सामान किन्छन्। त्यही विवरण गलत रहेछ भने जोखिम कसरी पहिचान गर्ने? दूषित खाद्यवस्तु सेवन गर्दा बान्ता, पखाला र खाद्य विषाक्तता हुन सक्छ। दूषित पदार्थको प्रकृति र सेवनको मात्राअनुसार दीर्घकालीन स्वास्थ्य जोखिमसमेत उत्पन्न हुन सक्छ।

प्रदेशका बजारमा देखिएका समस्या

खाद्य सुरक्षा र उपभोक्ता ठगी काठमाडौं उपत्यकामा मात्र सीमित छैन। विभिन्न प्रदेशका बजार अनुगमनका विवरणले खाद्य स्वच्छता र गुणस्तरको समस्या देशका विभिन्न क्षेत्रमा देखिएको पुष्टि गर्छन् ।

कोशी प्रदेशको झापामा जिल्ला प्रशासन कार्यालयले २०८३ भदौ २० देखि असोज २८ गतेसम्म गरेको आकस्मिक बजार निरीक्षणका क्रममा पाँच व्यवसायीलाई कुल पाँच लाख १५ हजार रुपैयाँ जरिवाना गरिएको थियो। दुई लाख ४० हजार चार सय ४३ रुपैयाँ बराबरका म्याद गुज्रिएका तथा अखाद्य सामग्री नष्ट गरिएको थियो। उक्त अवधिमा १३४ व्यावसायिक फर्मको निरीक्षण गरिएको विवरण थाहा खबर र राससको समाचारमा उल्लेख छ ।

मधेस प्रदेशको बारामा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, जिल्ला प्रशासन र प्रहरीको संयुक्त टोलीले कलैयाका होटल, रेस्टुरेन्ट, क्यान्टिन तथा मिठाई पसलको अनुगमन गरेको थियो। सरसफाइ, खाद्य सामग्रीको भण्डारण, प्रतिबन्धित रङ र पुरानो तेलको पुनः प्रयोग नगर्न व्यवसायीलाई निर्देशन दिइएको थियो। निजगढ र प्रसौनी क्षेत्रमा पानी तथा घिउ उद्योगमाथि गरिएको अनुगमनमा मापदण्ड उल्लङ्घन भेटिएपछि जरिवानासमेत गरिएको थियो। यसबारे द हिमालयन टाइम्सले ४ जुलाई २०२६ मा समाचार प्रकाशित गरेको थियो ।

बागमती प्रदेशको काठमाडौं उपत्यकामा खाद्य उद्योग र पसलमा गरिएको अनुगमनले म्याद, लेबल, कच्चा पदार्थ र उत्पादन अनुमतिसम्बन्धी कमजोरी देखाएको छ। गण्डकी प्रदेशको कास्कीमा २०८३ असार १५ देखि १९ गतेसम्म पोखराका ११ व्यवसायको निरीक्षण गर्दा छवटा व्यवसाय कारबाहीमा परेका थिए। ती व्यवसायलाई जनही ५० हजार रुपैयाँ जरिवाना गरिएको नागरिक दैनिकको समाचारमा उल्लेख छ। मूल्यसूची नराख्ने, म्याद र लेबल नभएका वस्तु बिक्री गर्ने तथा सरसफाइमा ध्यान नदिने समस्या भेटिएको थियो ।

कर्णाली प्रदेशमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, सुर्खेतले आर्थिक वर्ष २०८२/८३ मा सात जिल्लामा गरेको अनुगमनका क्रममा सात लाख ८८ हजार ४८ रुपैयाँ बराबरका अखाद्य तथा गुणस्तरहीन खाद्यवस्तु जफत गरी नष्ट गरेको विवरण सार्वजनिक भएको छ। प्रयोगशालामा परीक्षण गरिएका ९२८ खाद्य तथा दाना नमुनामध्ये ३७ वटा नमुना गुणस्तरहीन भेटिएका थिए। यससम्बन्धी विवरण संकल्प अनलाइनमा प्रकाशित छ।

सुदूरपश्चिम प्रदेशमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढी र मातहतका कार्यालयले भीमदत्त नगरपालिकाबाट बजार अनुगमन सुरु गरेका थिए। खाद्य स्वच्छता सप्ताहअन्तर्गत विशेष अनुगमन र निरीक्षणलाई पनि अघि बढाइएको थियो ।

यी विवरणले सातै प्रदेशको सम्पूर्ण बजार अवस्थाको प्रतिनिधित्व गर्दैनन्। तर उपलब्ध समाचार र अनुगमन प्रतिवेदनले खाद्य स्वच्छता, मूल्य, लेबल र म्यादसम्बन्धी समस्या विभिन्न क्षेत्रमा रहेको देखाउँछन्। बजारको आकार र स्थानीय अवस्थाअनुसार अनुगमन क्षमता बढाउन आवश्यक छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०७/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : रूपनी, सप्तरी	
	ऋणीको नाम, ठेगाना	
१.	नाम : नरेश मदिरा पसल उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. ४२९०/०७२/०७३, दर्ता मिति : २०७३/०२/१७, पान नं. ६०४१७८२९१, दर्ता मिति : २०७३/०२/१७ ठेगाना : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १, **प्रोप्राइटर : नरेश कुमार साह**	
	जमानतकर्ताको विवरण	
	१. नरेश कुमार साह ना.प्र.नं. ४७४५, जि.प्र.का. सप्तरी जारी मिति : २०६२/०४/०७ बाबुको नाम : बिशेश्वर प्रसाद साह बाजेको नाम : राम प्रसाद साह हलुवाई ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३ हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १	२. नाम : अनिता कुमारी साह ना.प्र.नं. १६१०३०/४, जि.प्र.का. सप्तरी जारी मिति : २०६५/०९/२४ पतिको नाम : नरेश कुमार साह ससुराको नाम : बिशेश्वर प्रसाद साह ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३ हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १
	३. नाम : मिना देवी ना.प्र.नं. ४५८१, जि.प्र.का. सप्तरी, जारी मिति : २०४६/१२/१५ पतिको नाम : बिशेश्वर प्रसाद साह हलुवाइ, ससुराको नाम : राम प्रसाद साह हलुवाई ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३, हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १	
	धितोको विवरण	
	मिना देवीको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, भरुवाखाल गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १०२९ को क्षेत्रफल ०-२-१.६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
	ऋणीको नाम, ठेगाना	
२.	नाम : सामुदायीक माछा फार्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय दर्ता नं. ९५४०/२०७७/७८, दर्ता मिति : २०७७/१०/०८, पान नं. ६१४८९८३१०, दर्ता मिति : २०७७/१०/०९ ठेगाना : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ४, **प्रोप्राइटर : सरस्वती श्रेष्ठ प्रधान**	
	जमानतकर्ताको विवरण	
	१. नाम : अनिल कुमार प्रधान ना.प्र.नं. १६२००९/३८८, जि.प्र.का. सप्तरी जारी मिति : २०६८/०२/०४ बाबुको नाम : कुवेरलाल प्रधान बाजेको नाम : चन्द्र लाल प्रधान ठेगाना : सप्तरी जिल्ला, कञ्चनपुर गा.वि.स. वडा नं. २ हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ८	२. नाम : पुनम देवी प्रधान ना.प्र.नं. १५८११६१८, जि.प्र.का. सप्तरी जारी मिति : २०४०/०३/२९ पतिको नाम : कुवेरलाल प्रधान ससुराको नाम : चन्द्रलाल प्रधान ठेगाना : सप्तरी जिल्ला, कञ्चनपुर गा.वि.स. वडा नं. ४ हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ८
	३. नाम : सरस्वती श्रेष्ठ प्रधान ना.प्र.नं. १६२००९/७२६, जि.प्र.का. सप्तरी, जारी मिति : २०७०/०३/२५ पतिको नाम : अनिल कुमार प्रधान, ससुराको नाम : कुवेरलाल प्रधान ठेगाना : सप्तरी जिल्ला, कञ्चनपुर गा.वि.स. वडा नं. २, हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ८	
	धितोको विवरण	
	पुनम देवी प्रधानको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, कञ्चनपुर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २६१, १७८, ३३९, २६५, २६४ र १७९ को क्षेत्रफल क्रमश: ०-०-३.२५-०, ०-०-१०-०, ०-१-०-०, ०-०-५-०, ०-०-५-० र ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

CAREER OPPORTUNITY

Jyoti Bikash Bank Limited, a value based organization driven by citizen centered long term purpose, vision and mission, is looking for application from qualified Nepalese citizens. Candidate should be creative, innovative, competent, committed and motivated towards the overall vision, mission, and core values of the Bank, with strong desire to excel in banking.

Recovery Officer (Junior Officer to Senior Officer) - Koshi Province / Madhesh Province

Qualification & Experience:

- Having at least Bachelor's Degree in Management/Economics or related field from recognized University with minimum second division marks.
- Having at least 7 years of working experience in any Banks & Financial Institutions licensed by NRB.
- Good Knowledge in Credit / Recovery operations.
- Preference will be given to candidates currently working in recovery at Koshi Province / Madhesh Province with proven ability to make visible progress of the Bank's NPA and NBA portfolio.
- Age should not exceed 40 years as of the last date of the application.

To apply, please follow this link: https://jbbl.com.np/careers or forward your updated CV to vacancy@jbbl.com.np.
The deadline for application is 18th Nov, 2026.

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office :
Kamalpokhari - 01, Kathmandu, Nepal,
Phone No. 01-5970306-12
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा नयाँ अवसर देखिन सक्छ ।
वृष : धैर्यताको परीक्षा हुन सक्छ । बोलीमा संयम राख्नु आवश्यक छ ।
मिथुन : पढाइ र लेखनमा सफलता मिल्छ ।
कर्कट : भावनात्मक रुपमा संवेदनशील रहनु हुन्छ ।
सिंह : नेतृत्व क्षमता देखिनेछ। काममा प्रशंसा पाउने योग छ ।
कन्या : योजना बनाउने दिन हो । काम विस्तारै अघि बढ्नेछ ।
तुला : सहकार्यबाट लाभ मिल्छ। पुरानो विवाद समाधान हुन सक्छ ।
वृश्चिक : गोप्य कुरामा सावधानी अपनाउनुहोस् । काममा दबाब महसुस हुन सक्छ ।
धनु : नयाँ कुरा सिक्ने मौका मिल्छ । यात्रा लाभदायक हुन सक्छ ।
मकर : जिम्मेवारी बढ्ने दिन हो । काममा अनुशासन आवश्यक छ ।
कुम्भ: नयाँ सोच आउने दिन हो । सामाजिक क्षेत्रमा सक्रिय रहनुहुन्छ ।
मीन: कल्पनाशक्ति बलियो हुनेछ। सिर्जनात्मक काममा सफलता मिल्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८१३५३४, ९८१५८१३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

छठअघि सिर्सिया नदी सफाइ अभियान



वीरगञ्ज । छठ पर्वलाई लक्षित गरी वीरगञ्जस्थित सिर्सिया नदीको सरसफाइ तथा प्रदूषण नियन्त्रण अभियान तीव्र पारिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सक्रियतामा सिर्सिया नदीको सरसफाइ, औद्योगिक प्रदूषण नियन्त्रण र वातावरण संरक्षणका कामलाई प्राथमिकताका साथ अघि बढाइएको हो ।

नदीमा उद्योगबाट निस्कने रसायनयुक्त फोहर पानी तथा प्रशोधन नगरिएको दूषित पानी मिसिने समस्या अन्त्य गर्न सम्बन्धित उद्योगहरूलाई निर्देशन दिइएको छ ।

नदीलाई सफा बनाउँदै श्रद्धालु भक्तजनले छठ पर्वमा स्वच्छ वातावरणमा पूजा तथा अर्घ्य दिन सक्ने अवस्था सिर्जना गर्न सरकार, सम्बन्धित सरकारी निकाय र स्थानीय तह सक्रिय भएका छन् ।

उद्योग विभागले यही कात्तिक १४ गते उद्योगहरूलाई नदीमा प्रशोधन नगरेको फोहर पानी नछोड्न पुनः निर्देशन दिँदै संयुक्त अनुगमन तथा निरीक्षण गर्ने जनाएको छ । त्यस्तै, कात्तिक १५ गते प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सिर्सिया नदीको प्रदूषण नियन्त्रण र फोहर व्यवस्थापनका लागि पाँचबुँदे निर्णय गरेको छ ।

बैठकले औद्योगिक क्षेत्रका उद्योगलाई आफ्ना फोहर पानी प्रशोधन केन्द्र २४सै घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्न तथा प्रशोधन नगरेको रसायनयुक्त पानी नदीमा नछोड्न निर्देशन दिएको छ ।

बैठकले साना तथा मझौला उद्योगका लागि साझा फोहर पानी प्रशोधन केन्द्र स्थापना गर्ने सम्भाव्यता अध्ययन, नगरपालिकाको ढल नदीमा मिसिन नदिन वैकल्पिक निकासको व्यवस्था तथा नदीको दीर्घकालीन संरक्षणका लागि तीनै तहका सरकारको सहभागितामा संरक्षण कोष स्थापना गर्ने विषयलाई समेत प्राथमिकतामा राखेको छ ।

प्रदूषण गर्ने १२ उद्योगमाथि कारबाही

सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि सरकारले यसअघि पनि उद्योगमाथि कारबाही गरेको थियो । गत साउन ५ गते सार्वजनिक विवरणअनुसार नदी आसपासका उद्योगको फोहर पानी परीक्षण गर्दा १२ उद्योगले वातावरणीय मापदण्ड उल्लङ्घन गरेको पुष्टि भएपछि ती उद्योगलाई जनही रु १० लाखका दरले कूल रु एक करोड २० लाख जरिवाना गर्ने निर्णय गरिएको थियो ।

सरकारको पछिल्लो सक्रियतालेसिर्सिया नदीको सरसफाइलाई छठ पर्वसँग मात्र सीमित नराखी दीर्घकालीन रूपमा प्रदूषणमुक्त बनाउने लक्ष्य लिएको छ । यसका लागि उद्योगको नियमित अनुगमन, फोहर पानी प्रशोधन प्रणालीको प्रभावकारी सञ्चालन र मापदण्ड उल्लङ्घन गर्नेमाथि कानुनी कारबाहीलाई निरन्तरता दिनुपर्नेमा जोड दिइएको छ ।

छठ पर्वमा श्रद्धालुले स्वच्छ नदीमा अर्घ्य दिन पाउने वातावरण निर्माण गर्नुका साथै सिर्सिया नदीको प्राकृतिक अस्तित्व जोगाउने र आसपासका नागरिकको जनस्वास्थ्य संरक्षण गर्ने सरकारको यो अभियानलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन निरन्तर निगरानी र कार्यान्वयन आवश्यक देखिएको छ । रासस

निजी क्षेत्रको लगानीलाई प्रतिस्पर्धी नभई परिपूरक बनाउनुपर्छ : उपाध्यक्ष भट्ट



काठमाण्डु । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्टले मुलुकको विकासलाई सन्तुलित, समावेशी र विकेन्द्रित बनाउन सार्वजनिक तथा निजी क्षेत्रको लगानीलाई प्रतिस्पर्धी नभई परिपूरक बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उपाध्यक्ष भट्टले सार्वजनिक लगानीको प्रभावकारिता र प्रतिफल बढाउनुपर्नेमा जोड दिँदै सरकारले निजी क्षेत्रको लगानी आकर्षित हुन नसकेका क्षेत्रमा पूर्वाधार तथा अन्य आवश्यक सुविधा उपलब्ध गराएर लगानीको वातावरण बनाउनुपर्ने बताउनुभयो । उहाँले नेपालको विकासलाई विकेन्द्रित गर्दै पछाडि परेका क्षेत्र र प्रदेशसम्म विकासको प्रतिफल पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उपाध्यक्ष भट्टले सार्वजनिक लगानी गर्दा आर्थिक प्रतिफल, सामाजिक प्रतिफल र वातावरणीय जोखिमलाई एकसाथ मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो । विकास आयोजनाको छनोट र कार्यान्वयनमा वातावरणीय जोखिमलाई बेवास्ता गर्न नहुने उल्लेख गर्दै उहाँले एउटै नदीमा धेरै जलविद्युत् आयोजना निर्माण हुँदा प्राकृतिक विपद्का समयमा क्षति बढ्न सक्ने अवस्थाप्रति ध्यानाकर्षण गराउनुभयो । त्यस अवसरमा नेपाल सरकारका पूर्वमुख्यसचिव बैकुण्ठ अर्यालले 'नेपालमा सार्वजनिक लगानीको सुदृढीकरण : प्राथमिकता र रणनीतिहरू' विषयमा प्रस्तुतिकरण दिनुभयो । उहाँले नेपालको सार्वजनिक लगानीलाई उत्पादनमूलक, प्रतिफलमुखी र प्राथमिकतामा आधारित बनाउनुपर्नेमा जोड दिनुभयो । सरकारले सबै क्षेत्रमा आफैं लगानी गर्नेभन्दा पनि आधारभूत पूर्वाधार निर्माण, मानव पुँजी विकास र निजी क्षेत्रको लगानी प्रवर्द्धनमा केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो ।

अर्यालले कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा साना र मझौला उद्योग लगानीका सम्भावित क्षेत्र भएको उल्लेख गर्दै कृषिमा निर्वाहमुखी प्रणालीबाट व्यावसायिक उत्पादनतर्फ रूपान्तरण, प्रविधिको प्रयोग, भण्डारण तथा आपूर्ति प्रणालीको विकास आवश्यक रहेको उल्लेख गर्नुभयो । त्यस्तै पर्यटन क्षेत्रमा ब्रान्डिङ, प्याकेजिङ र खर्चालु पर्यटक आकर्षित गर्ने रणनीति आवश्यक रहेको उहाँको भनाइ थियो ।

पूर्वमुख्यसचिव अर्यालले सार्वजनिक संस्थानको लगानी र व्यवस्थापनमा समेत पुनरावलोकन गर्नुपर्ने धारणा राख्नुभयो । नेपालका ४५ सार्वजनिक संस्थानमध्ये १६ वटा घाटामा रहेको तथ्य प्रस्तुत गर्दै उहाँले संस्थानको रणनीतिक महत्तव र कार्यसम्पादनका आधारमा वर्गीकरण गर्नुपर्ने सुझाव दिनुभयो । कमजोर अवस्थामा रहेका संस्थानलाई व्यवस्थापन करार, निजीकरण वा खारेजीमध्ये उपयुक्त विकल्पमार्फत व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ ।

त्यस्तै, सरकारले उत्पादनमूलक क्षेत्रमा अनुदान तथा सहुलियत उपलब्ध गराउँदा उत्पादनमा आधारित प्रणाली अपनाउनुपर्ने र भविष्यमा सरकार तथा सार्वजनिक संस्थानमाथि दायित्व थपिने गरी लगानी तथा अनुदान वितरण गर्न नहुनेमा उहाँले जोड दिनुभयो ।

सार्वजनिक लगानी प्रभावकारी बनाउन सरकारको भूमिकामा तीनवटा पक्षबाट सुधार गर्नुपर्ने उहाँको सुझाव छ । "पहिलो, कम हस्तक्षेपसहित प्रभावकारी सरकारको अवधारणा अवलम्बन गर्ने, दोस्रो, क्षेत्रगत तथा आयोजनागत प्राथमिकता निर्धारण गर्ने र तेस्रो, शासन प्रणालीमा व्यापक सुधार गर्नु आवश्यक छ", उहाँले भन्नुभयो ।रासस

साइन ए मोटर्स

बसपार्क, जनकपुरधाम, धनुषा

मुल्य सूची

सूचना प्रकाशित मिति : २०८३/०७/१८

क्र. सं.	ब्रान्ड (Brand) मोडल /विवरण (Model Name / Description)	अधिकतम खुदरा मूल्य (M.R.P.) (कर सहित)
१	ARZOOARZOO EVX7 (3-Wheeler Battery Operated Vehicle With Battery & Accessories)	ने.रू. २,६२,२६२.४१
२	ARZOOARZOO ECO LI (E–Rickshaw Battery Operated Vehicle With Battery & Accessories)	ने.रू. १,९६,६५५.६६

मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला महोत्तरी बर्दिबास न.पा. सन्तकबी स्कुल निर Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०७/१० गते करिब दिउँसो १२:४७ बजे म.प्र. ०२-००९ प ०११२ नम्बरको जोधपुर ब्लु रंगको ईन्जिन नं. J3A5FDS2041223 चेचिस नम्बर MEJ3C5FDSN00439 को Royal Enfielt कम्पनीको Classic 350 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

नाम: मानव मिश्र
ठेगाना: पिपरा गा.पा., महोत्तरी
सम्पर्क नं.: ०४१-५२०१७५

श्री धर्म संस्था

(रामस्वरुप साह रामसागर साह)

जनकपुर उपमहानगरपालिका-१, धनुषा

खाली छत वहालमा लगाउने बारे सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०७/१७ गते मंगलवार

जिल्ला धनुषा जनकपुरधाम उप-महा नगरपालिका वार्ड नं. १, मिल्स एरियामा अवस्थित श्री धर्म संस्था राम स्वरूप साह राम सागर साह को नयाँ भवनमा मार्केट कम्पलेक्सको दोस्रो तल्लामाथि खाली छत ६००० बर्ग फिट अनुमानित रहेको क्षेत्रफल बहालमा लगाउनु पर्ने भएकोले इच्छुक ब्यक्ति र संघसंस्थाहरुले यस संस्थाले निर्धारण गरेको तपसिल अनुसारको न्युनतम मासिक खाली छत दर रेट भन्दा बढी कबोल गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्रमा शिलबन्दी टेन्डर फाराम पेश गर्ने हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोट :-

१. संस्थाले दोस्रो तल्लामाथिको खाली छत प्रति बर्ग फिट दर रु.१३ न्युनतम मासिक वहाल कर बाहेक निधारण गरेको छ ।
२. टेन्डरदाताले शिलबन्दी टेन्डर फाराम कार्यालय समयभित्र संस्था बाट फिर्ता नहुने गरि रु.१५०.०० (एक सय पचास) मात्रमा खरिद गर्ने सकिने छ ।
३. टेण्डर फाराम साथ आफुले कबोल गरेको मासिक भाडाको आधारमा १०% बराबरको बहाल धरौटीको रुपमा संस्थाको एभरेष्ठ बैंक लि. को खाता नं. ०१३००१०५२००६२९ SHRI DHARMA SANSTHA, MILLS AREA–1 मा जम्मा गरि बैंक भौचर टेन्डर फाराम साथ पेश गर्नु पर्ने छ ।
४. सिलबन्दी टेण्डर फाराम फर्मको नाउँमा मात्र भर्ने पाउने छ ।
५. सूचना समय भित्र आएको सिलबन्दी टेण्डर फाराम मात्र मान्य हुने छ ।
६. सिलबन्दी टेण्डर फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने छ ।

सभापति

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

मधेश प्रदेश, जनकपुरधाम, धनुषा

सूचना

सूचना प्रकाशित मितिः २०८३-०७-१७

यस प्रतिष्ठानले प्रादेशिक अस्पताल जनकपुरकोलागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु खरीदकोलागी मिति २०८३/०५/१७ गतेमा प्रकाशन गरेको ठेक्काहरु रद्द गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीकोलागी यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना https://mihs.edu.np मा डाउनलोड गरी हेर्न सकिन्छ ।

रजिष्ट्रार

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना


धनुषा जिल्ला,जनकपुर उप.महा.न.पा.वडा नं. ८ घर भई धनुषा जिल्ला जनकपुर उप.महा.न.पा. वडा नं. ८ बस्ने श्री केशी लाल चौधरीको नाती, श्री राम प्रबोध चौधरीको छोरा वर्ष ७० को राम विनोद चौधरीको मिति २०८३/०५/२८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४२५०००४० मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती शैल देवी चौधरीले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लि.

जनकपुर शाखा, जनकपुर- २, धनुषा

फोन ०४१-५९०२६०/५९०२६१

॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्म मिति
बि.सं.१९९१

स्व. जगतारण देवी

मृत्यु मिति
बि.सं.२०८३/०७/१७

हाम्रा परम मित्र नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुमर कान्त झाकी प्रातःस्मरणीय ममतामयी आमा जगतारण देवीको मिति २०८३/०७/१७ गते मंगलवार ९१ वर्षको उमेरमा देहावसान भएको खबरले हामी मर्माहत भएका छौ । असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

बृज कुमार यादव

एवं

जनकपुर टुडे मिडिया ग्रुप परिवार

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकासित मिति २०८३/०७/१८ गते बुधबारको जनकपुर टुड दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८३/०३/०२ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैकको **शाखा कार्यालय मलंगवा, सर्लाहीमा** दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०८/०३ गते बिहिवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, मलंगवा, सर्लाहीमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७९/०५/२२ गते प्रा.फ.र.नं. १२५२२/०७९/०८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, कर दाता सेवा कार्यालय मलंगवाबाट मिति २०७९/०५/२३ (मू.अ.क. दर्ता मिति २०७९/०५/२३) मा करदाताको नाम लालु प्रसाद यादव कारोवारको नाम दुर्गा ट्रेडर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१८७१०८५८ को प्रमाणपत्र प्राप्त **दुर्गा ट्रेडर्स ।**
ठेगाना : सर्लाही जिल्ला चक्रघट्टा गा.पा. वडा नं. ९ ।

प्रोप्राइटर तथा जमानतकर्ता : लालु प्रसाद यादव (ना.प्र.नं. १९१०६७/२२६, जारी मिति २०७०/०१/१२, प्रतिलिपि जारी मिति २०७६/०३/१५, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।
बाबु: : दिनेश राय ।
बाजे : रामचन्द्र राय यादव ।

जमानतकर्ता : सिया कुमारी देवी (ना.प्र.नं. १९३०६७/२४५, जारी मिति २०६३/११/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : जिल्ला सर्लाही खोरिया गा.वि.स. वडा नं ०१ ।
बाबु : हरि नारायण राय ।
पति: : दिनेश राय ।
ससुरा : रामचन्द्र राय ।

जमानतकर्ता : फुल कुमारी यादव (ना.प्र.नं. ४८७२०११८, जारी मिति २०४५/०१/०४, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : जिल्ला सर्लाही चक्रघट्टा गा.पा. वडा नं. ९ (साविक खोरिया गा.वि.स. वडा नं १) ।
बाबु : ज्ञानचन राय ।
पति : रामचन्द्र राय यादव । ससुरा : राम धारी राय ।

धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :
१. **फुल कुमारी यादव**को नाममा मालपोत कार्यालय सर्लाही, मलंगवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला खोरिया भगवानपुर गा.वि.स. वडा नं १, नक्सा सिट नं ०७६२२० स्थित कित्ता नं. २, ३ र ४ को क्षेत्रफल १९१.६०, २२९.४० र १८४.४० (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
२. **ऋणी दुर्गा ट्रेडर्सको स्वमित्व**मा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, मलंगवा सर्लाहीबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

अदालतको आदेश अवज्ञा गर्दै कार्यालय प्रमुख महतो

टुडे समाचारदाता

जनकपुरधाम । घरेलु तथा साना उद्योग कार्यालय धनुषामा कर्मचारी सरुवा र पदस्थापनलाई लिएर विवाद चुलिएको छ । प्रशासकीय अदालतले सरुवा सम्बन्धी निर्णय कार्यान्वयन नगर्न र कर्मचारीलाई साविककै कार्यालयमा कामकाज गराउन अन्तरकालीन आदेश जारी गरे पनि कार्यालय प्रमुख मिथिलेशकुमार महतोले आदेशको अवज्ञा गरेको आरोप छ ।



२०८२ चैत १० गते मुकेश कुमार कर्णलाई सहायक शाखा अधिकृत पदमा घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा पदस्थापन गरिएको थियो । सोही अनुसार उनी कार्यालयमा हाजिर भई नियमित रूपमा कामकाज गर्दै आएका थिए ।

तर, २०८३ भदौ २५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कर्णलाई जनलोकपाल आयोगको कार्यालयमा सरुवा गरेको थियो । सरकारी जागिरमा प्रवेश गर्दै पदस्थापन भएको आठ महिना नपुग्दै सरुवा गरिएको भन्दै कर्णले उक्त निर्णय पुनरावलोकन गरी सरुवा बदर गर्न माग गर्दै २०८३ असोज २२ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन दिएका थिए । तर, उनको निवेदनमाथि कुनै सुनुवाइ नभएको उनको गुनासो छ ।

यसैबीच २०८३ असोज २ ९ गते कर्ण कार्यरत रहेको घरेलु तथा साना उद्योग कार्यालयमा नायब सुब्बा पदका कर्मचारी संकल्प सौरभलाई सरुवा गरी पठाइएको थियो ।

आफूमाथि गरिएको सरुवा निर्णय कानुनसम्मत नभएको भन्दै कर्णले प्रशासकीय अदालतमा सरुवा निर्णय बदरको मागसहित निवेदन दिएका थिए । सो निवेदनमाथि सुनुवाइ गर्दै अदालतले अन्तरकालीन आदेश जारी गरेको थियो । आदेशमा सरुवासम्बन्धी पत्रका आधारमा रमाना नदिनु, नदिलाउनुका साथै कर्णलाई यथास्थितिमा घरेलु तथा साना उद्योग कार्यालयमै कामकाज गर्न दिन स्पष्ट निर्देशन दिइएको थियो ।

तर, अदालतको आदेश हुँदाहुँदै कार्यालय प्रमुख मिथिलेशकुमार महतोले कार्यालय समयभन्दा बाहिर कर्णको स्थानमा संकल्प सौरभलाई हाजिर गराई कामकाजमा लगाएको कर्णको आरोप छ ।

यस विषयमा कर्णले कार्यालयमा निवेदन दिँदा समेत आफ्नो गुनासोको उचित सुनुवाइ नभएको उनको भनाइ छ । कार्यालय प्रमुखले आवश्यक बुझ्बुझारथसमेत नगरी नायब सुब्बा सौरभलाई काममा लगाएको र अदालतको आदेश हुँदाहुँदै आफूलाई कार्यालयबाट बाहिरिन दबाब दिँदै चेतावनीपूर्ण व्यवहार गरेको कर्णले गुनासो गरे ।

त्यस्तै, कार्यालय प्रमुख महतोमाथि कार्यालयमा हाजिर भएदेखि नै उद्योग दर्ता प्रक्रियामा मनोमानी गर्दै अनियमितता गरेको आरोपसमेत लागेको छ । स्रोतका अनुसार कार्यालय प्रमुख महतोको विगतको कार्यसम्पादन मूल्यांकन पनि सन्तोषजनक नरहेको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अर्थ मन्त्रालयलगायतका निकायमा कार्यरत रहँदासमेत उनको कार्यशैलीलाई लिएर प्रश्न उठ्ने गरेको थियो । कार्यालय प्रमुख महतो पटकपटक विवादमा तानिँदै आएका छन् ।

बागमती सिँचाइ आयोजनाका कर्मचारीहरु आन्दोलित

टुडे समाचारदाता

रौतहट । वर्षौंदेखि बागमती सिँचाइ आयोजनामा काम गर्दै आएका ५४ जना ज्यालादारी कर्मचारीको रोजगारी नै धरापमा परेको भन्दै कर्मचारीहरू आन्दोलनमा उत्रेका छन् ।

नयाँ सिँचाइ नियमका कारण आफूहरू विस्थापित हुनुपर्ने अवस्था आएको भन्दै उनीहरूले नियम संशोधनसहित रोजगारीको सुनिश्चितता माग गरेका हुन् ।

आफ्ना मागप्रति आयोजना व्यवस्थापन र सम्बन्धित निकायले बेवास्ता गरेको आरोप लगाउँदै कर्मचारीहरूले सोमबारदेखि सर्लाहीको कमैयास्थित आयोजना कार्यालयको मूलगेटमा धर्ना सुरु गरेका छन् ।

ज्यालादारी कर्मचारीहरूले सुरज पासवानको नेतृत्वमा १३ सदस्यीय संघर्ष समिति गठन गरेर पाँचबुँदे मागसहित कार्यालय प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् । संघर्षरत कर्मचारी विनोदकुमार पासवानका अनुसार २०८३ कात्तिक ११ गते प्रकाशित नयाँ सिँचाइ नियमले आयोजनामा कार्यरत ५४ जना कर्मचारीको रोजगारी संकटमा पारेको छ ।

नियममा आवश्यक संशोधन नगरिए तत्कालै ठूलो संख्यामा कर्मचारी कामबाट बाहिरिनुपर्ने र आगामी वर्षहरूमा थप कर्मचारीको रोजगारी गुम्ने अवस्था आउने उनको भनाइ छ । कर्मचारीहरूले आफूहरू लामो समयदेखि आयोजनाको काममा खटिँदै आए पनि स्थायी प्रकृतिको सेवा सुविधाबाट वञ्चित हुनुपरेको गुनासो गरेका छन् ।

उनीहरूले उमेर हदका कारण रोजगारी गुमाउनुपर्ने व्यवस्था हटाउनुपर्ने र नयाँ नियमले सिर्जना गरेको अन्योल अन्त्य गर्नुपर्ने माग अघि सारेका छन् । संघर्ष समितिले यसअघि



नै सर्लाही र रौतहटका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रशासन तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म ज्ञापनपत्र पठाइसकेको जनाएको छ ।

तर माग सम्बोधन नभएपछि बाध्य भएर आन्दोलनमा जानुपरेको कर्मचारीहरूको भनाइ छ । कर्मचारीहरूले दैनिक ज्यालादारीमा कार्यरत श्रमिकको उमेर हद खारेज गर्नुपर्ने, नयाँ सिँचाइ नियम संशोधन गर्नुपर्ने र विगतमा गठित नौ सदस्यीय समितिले तयार पारेको सेवा सुविधासम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेका छन् ।

उक्त प्रतिवेदन सिँचाइ विभागको च.नं. १०६९ को पत्रसहित मन्त्रालयमा दर्ता भएको र त्यसको दर्ता नम्बर ४८२० रहेको संघर्ष समितिले जनाएको छ । प्रतिवेदन २०७५ वैशाख ३१ गते दर्ता भएको कर्मचारीहरूको दाबी छ ।

यस्तै, चाडपर्व खर्च, पोसाक, महँगी भत्ता तथा सामाजिक सुरक्षा कोषमा आबद्धताको व्यवस्था गर्न पनि उनीहरूले माग गरेका छन् । माग पूरा गराउन संघर्ष समितिले चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको छ ।

पहिलो चरणमा कात्तिक १६ देखि २० गतेसम्म बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कालोपट्टी बाँधेर कार्यालयको सवारी प्रवेशद्वारमा धर्ना दिने कार्यक्रम छ । त्यसपछि मंसिर १ देखि ७ गतेसम्म कार्यालयको मूलगेटमा तालाबन्दी गरी धर्ना दिने र मंसिर ८ देखि १३ गतेसम्म सवारी प्रवेशद्वार तथा कार्यालयको मूलगेट दुवैमा तालाबन्दी गर्ने चेतावनी दिइएको छ ।

यति गर्दा पनि माग सुनुवाइ नभए मंसिर १४ गतेदेखि हेडवर्क्स ब्यारेजका गेटसमेत बन्द गर्ने र सम्पूर्ण ज्यालादारी कर्मचारीले काम बहिष्कार गर्दै अनिश्चितकालीन धर्ना दिने संघर्ष समितिको घोषणा छ ।

धनौजी गाउँपालिकाबाट शुरु भयो लाइसेँस वितरण

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको धनौजी गाउँपालिकाले गाउँपालिकाबाटै सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण सुरु गरेको छ ।

स्थानीयवासीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले यातायात व्यवस्था कार्यालय जनकपुरधाम र बर्दिबासबाट सञ्चालित परीक्षामा उत्तीर्ण भएका गाउँपालिकाका सेवाग्राहीलाई लक्षित गरी पालिकाबाटै अनुमतिपत्र वितरणको व्यवस्था मिलाइएको हो ।

गाउँपालिका अध्यक्ष राजकुमार साहका अनुसार चालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेका स्थानीय युवालाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले यो व्यवस्था सुरु गरिएको हो ।

उनले पहिलो चरणमा यातायात व्यवस्था कार्यालय बर्दिबासबाट सञ्चालित प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्ण गरेका गाउँपालिकाका ४५ जनाको चालक अनुमतिपत्र प्राप्त भएकाले वितरण सुरु गरिएको जानकारी दिए ।

पालिकाबाटै चालक अनुमतिपत्र प्राप्त गर्न थालेपछि अनुमतिपत्र लिन यातायात व्यवस्था कार्यालयसम्म पुग्नुपर्ने बाध्यता हट्ने र स्थानीय सेवाग्राहीको समय तथा खर्च बचत हुने अपेक्षा गरिएको छ ।

यस व्यवस्थाले विशेषगरी यातायात कार्यालयसम्म पुग्न समय र खर्च व्यवस्थापन गर्नुपर्ने ग्रामीण क्षेत्रका सेवाग्राहीलाई राहत पुग्ने विश्वास गरिएको छ ।

न्यूभिजनमा हाजिरी जवाफ प्रतियोगिता



टुडे समाचारदाता

जनकपुरधाम । विद्यार्थीहरुमा अतिरिक्त शिक्षा वृद्धिका लागि जनकपुरधामस्थित न्यूभिजन रेसिडेन्सल सेकेण्ड्री स्कूलमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

सेवाश्रम नेपालद्वारा आयोजित सो प्रतियोतितामा कक्षा १० का विद्यार्थीहरुले सहभागिता जनाएका छन् । प्रतियोगितामा सफल भएका विद्यार्थीहरुलाई कापी, डेटपेन, पेन्सिल र झोला सहितका शैक्षिक सामाग्री वितरण गरिएको थियो । सफल भएका विद्यार्थी बाहेक सहभागी अन्य विद्यार्थीहरुलाई प्रोत्साहनका लागि डटपेन लगायतका सामाग्री उपहार दिइएको थियो । विद्यार्थीहरुलाई स्कूलका संस्थापक प्रिन्सिपल विश्वलाल सिंह, सेवाश्रम नेपालका अध्यक्ष दानीकान्त झा, शिक्षक ब्रजकिशोर यादव, अवकाश प्राप्त कर्मचारी शत्रुघ्न ठाकुर र पत्रकार सुभाष कर्णले उपहार प्रदान गरेका थिए ।

प्रतियोगिता बारे जानकारी दिँदै अध्यक्ष झाले भने यो प्रतियोगिता गत तीन वर्षदेखि सञ्चालनमा रहेको छ । पहिला रेडियो एफ.एम.मा संचालनमा थिए अहिले आएर विद्यालयस्तरीय आयोजना गर्न थालिएको हो । अवकाश प्राप्त कर्मचारी समेत रहेका झाले कुनै डोनर संस्थाबाट नभई आफ्नै निजी लगानीमा उपहारको व्यवस्थापन गर्दै आएका छन् ।

२ अर्बभन्दा बढीको नेपाली जुस निर्यात

टुडे समाचारदाता

जनकपुरधाम । चालू आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासमै मधेश प्रदेशसहित देशभरबाट सवा दुई करोड लिटरभन्दा बढी परिमाणको जुस विदेशतर्फ निर्यात भएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार यस समीक्षा अवधिमा नेपालबाट कुल २ अर्ब २० करोड ७९ लाख ७६ हजार रुपैयाँ बराबरको २ करोड २६ लाख ६९ हजार ५ सय ७५ लिटर विभिन्न प्रकारका फलफूल तथा तरकारीका जुसहरू बाहिरी मुलुकमा पठाइएको हो ।

नेपाली जुसको मुख्य र सबैभन्दा ठूलो गन्तव्य छिमेकी राष्ट्र भारत रहेको छ भने केही परिमाणमा चीन र जापानमा समेत नेपाली उत्पादित जुसहरू निर्यात भएका छन् । निर्यात भएका कुल जुसमध्ये सबैभन्दा बढी अंश 'मिक्स जुस' (विभिन्न फलफूलको मिश्रण) को रहेको छ ।



मधेश प्रदेशमा कुल १३ वटा जुस कम्पनीहरु रहेको छ । मधेश प्रदेशमा प्रमुख जुस कम्पनीहरु मध्ये आम्रपाली बेवरेज, साउथ एशिउन बेवरेज, सनराईज नेपाल फुट एण्ड बेवरेज, पतञ्जली आयुर्वेद, हिमालय बोटलर, सुसान्त रियल जुस उद्योग र डाबर नेपाल प्रा.लि. लगायतका रहेका छन् ।

चालू आवको पहिलो त्रैमासमा मात्रै १ अर्ब ४३ करोड १५ लाख ७२ हजार रुपैयाँ मूल्य बराबरको १ करोड ५७ लाख ५६ हजार ६ सय २४ लिटर मिक्स जुस निर्यात भएको छ । जसमध्ये भारतमा मात्रै १ अर्ब ४२ करोड ८२ लाख रुपैयाँभन्दा बढीको मिक्स जुस गएको छ भने जापानमा २३ लाख ४७ हजार र चीनमा ९ लाख ३५ हजार रुपैयाँ बराबरको मिक्स जुस निर्यात भएको भन्सार विभागले जनाएको छ ।

मिक्स जुसपश्चात नेपालबाट सुन्तला र भुइँकटहरको जुस उच्च परिमाणमा निर्यात भएको छ । यस तीन महिनाको अवधिमा ३५ करोड ८७ लाख ८ हजार रुपैयाँ बराबरको ३२ लाख ७२ हजार २ सय ७५ लिटर सुन्तलाको जुस तथा २२ करोड १३ लाख २२ हजार रुपैयाँ बराबरको १८ लाख ४३ हजार ३ सय २६ लिटर भुइँकटहरको जुस भारततर्फ मात्र शतप्रतिशत निर्यात भएको छ ।

भारतकै बजारलाई लक्षित गरी १६ करोड ८५ लाख २२ हजार रुपैयाँको १४ लाख ४८ हजार ९ सय ४ लिटर स्याउको जुस, १ करोड ५२ लाख ७४ हजार रुपैयाँको १ लाख ९२ हजार २ सय ५४ लिटर ग्रेपफ्रुट जुस र १ करोड २५ लाख ७८ हजार रुपैयाँ मूल्य बराबरको १ लाख ५६ हजार १ सय ९२ लिटर गोलभेँडाको जुस समेत उल्लेख्य मात्रामा निर्यात भएको छ ।

२१ लाख बढीको अवैध सामाग्री बरामद

टुडे समाचारदाता

जनकपुरधाम । पर्सा र सिरहाबाट प्रहरीले भन्सार छली गरी भित्रियाइएका २१ लाख बढीको अवैध सामागी बरामद गरेको छ । प्राप्त जानकारी अनुसार सशस्त्र प्रहरी बलले सिरहाका विभिन्न सीमावर्ती क्षेत्रबाट अवैध रूपमा पैठारी गरिएका ११ लाख २९ हजार ३८० रुपैयाँ बराबरको सामान तथा ढुवानीमा प्रयोग गरिएका मोटरसाइकल बरामद गरेको हो ।



सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाबाट खटिएको टोलीले २०८३ कात्तिक १६ गते उक्त सामान बरामद गरेको हो। सीमावर्ती क्षेत्रमा खटिएको टोलीले लत्ताकपडा, रजनीगन्धा, पाउडर दूध, पेय पदार्थ, भिर्लिमिली बत्ती, मदिरा, विभिन्न औषधि, कस्मेटिक तथा किराना सामान नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरीका अनुसार बरामद सामग्रीमा दैनिक उपभोग्य वस्तुदेखि विद्युतीय सजावटका सामानसम्म रहेका छन्। ती सामान ओसारपसारमा प्रयोग भएको मोटरसाइकलसमेत नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

उल्लेखित ११ लाख २ ९ हजार ३८० रुपैयाँ सामान र मोटरसाइकलसहितको संयुक्त मूल्यांकन हो। कुन सामान कति परिमाणमा बरामद भयो र तिनको छुट्टाछुट्टै मूल्य कति हो भन्ने विवरण भने उपलब्ध गराइएको छैन ।

त्यस्तै, सामान बरामद भएका सीमावर्ती स्थान, मोटरसाइकलको नम्बर तथा घटनामा संलग्न व्यक्ति पक्राउ परे-नपरेको विषयमा पनि विवरण खुलाइएको छैन । बरामद सामान र सवारीसाधन बुझाइएको निकायको नामसमेत प्राप्त विवरणमा उल्लेख छैन ।

यसैगरी पर्साबाट समेत भन्सार छली गरी भित्र्याइएका १० लाख ५१ हजार ४२४ रुपैयाँ बराबरका अवैध सामाग्री बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साले प्रेस विज्ञप्ति जारी गर्दै भारतबाट अवैध रूपमा चोरी पैठारी गरी ल्याइएका औषधि, लत्ताकपडा तथा पशुचौपाया बरामद गरिएको जनाएको हो । प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-२५ खाल्वाबाट २ लाख ३१ हजार ६०४ रुपैयाँ बराबरका विभिन्न प्रकारका औषधि बरामद गरिएको छ ।

त्यसैगरी, वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट ५ लाख ५९ हजार ८२० रुपैयाँ बराबरका विभिन्न किसिमका लत्ताकपडा नियन्त्रणमा लिइएको छ । यसैगरी, प्रहरीले २ लाख ५० हजार रुपैयाँ बराबरका भैंसी तथा १० हजार रुपैयाँ मूल्यको एउटा खसीसमेत बरामद गरेको छ ।

बरामद गरिएका औषधि, लत्ताकपडा तथा पशुचौपायासहित कुल १० लाख ५१ हजार ४२४ रुपैयाँ बराबरका सामान आवश्यक कारबाहीका लागि सोमबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

दुई रनले जनकपुर पराजित

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) मा विराटनगर किंग्सले जनकपुर बोल्ट्सलाई २ रनले पराजित गरेको छ । ब्याटिङमा अर्धशतक बनाएका रसेलले बलिङमा इनिङ्सको अन्तिम बलमा विकेट लिएपछि विराटनगरले रोमाञ्चक जित हात पारेको हो ।

विराटनगरले दिएको १७५ रनको लक्ष्य पछ्याएको जनकपुरले २० ओभरमा ७ विकेट गुमाएर १७२ रन बनायो । अन्तिम बलमा विकेट लिएका रसेलले खेलमा ४ विकेट लिए ।

विराटनगरले सुरुवाती दुई खेलमा हार बेहोरेपछि लगातार दुई खेल जित्दै ४ खेलबाट ४ अंक जोडेको छ । चार खेलमा जनकपुरको यो दोस्रो हार हो । जनकपुरको पनि ४ खेलबाट ४ अंक नै छ ।

जनकपुरका लागि बंगलादेशी खेलाडी सेफ हसनले सर्वाधिक ७१ रन बनाएपनि जिताउन सकेनन् । उनलाई रसेलले अन्तिम बलमा बसिर अहमदबाट क्याचआउट गराए । ४८ बल खेलेका हसनले २ चौका र ५ छक्का प्रहार गरे । विशाल सुशिलडले ४३ र जिमी निशमले २९ रन जोडे ।



जनकपुरले ३० रन हुँदा सुरुवाती ३ विकेट गुमाएको थियो । तर सेफ हसन र विशाल सुशलिडले चौथो विकेटका लागि ७६ रनको महत्वपूर्ण साझेदारी गर्दै जनकपुरको इनिङ्स सम्हालेका थिए ।

यस संस्करणमा पहिलो खेल खेलेका विशालले ३० बलमा २ चौका र ३ छक्का मदतमा ४३ रन बनाए । विशाल आउट भएपछि जिमी निशमले सेफ हसनलाई साथ दिँदै आक्रमक ब्याटिङ गरेका थिए । निशमले १५ बलमा ३ चौका प्रहार गर्दै २ ९ रन जोडे । पाँचौ विकेटका लागि हसन र निशमले ५६ रनको अर्धशतकिय साझेदारी गरेका थिए ।

तर निशमलाई विराटनगरका रुपशे सिंह्यले १९औं ओभरको अन्तिम बलमा आउट गर्दै विराटनगरलाई खेलमा फर्काए । सेफ हसनले अन्तिमसम्म क्रिजमा रहेर जितको प्रयास गरेपनि अन्तिम बलमा आउट हुँदा जिताउन सकेनन् ।

बलिङमा विराटनगरका लागि आन्द्रे रसेलले ४ ओभरमा ४५ रन खर्चेर ४ विकेट लिए । एन्जेलो म्याथुजले २ तथा रुपेश सिंहले १ विकेट लिए । त्यसअघि इमरान शेख, लोकेश बम र आन्द्रे रसेलले अर्धशतक प्रहार गरेपछि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगर किंग्सले २० ओभरमा ३ विकेट गुमाएर १७४ रन बनाएको थियो ।

विराटनगरका लागि इमरान शेखले सर्वाधिक ५६ र ओपनर लोकेश बमले ५० रन बनाए । आन्द्रे रसेलले अविजित ५२ रन बनाए ।

एनपीएल इतिहासमा एकै खेलमा दुई नेपाली ब्याटरले अर्धशतक प्रहार गरेको यो पहिलो पटक हो । इमरानले ४५ बल खेल्दै ५ चौका र २ छक्का मदतमा ५६ रन बनाए । लोकेशले ४० बल खेल्दा समान ३ चौका र ३ छक्का मदतमा ५० रन जोडे ।

ओपनर शेहान जयासूर्य टिमको स्कोर २ रन हुँदा नै आउट भएपछि वान डाउनमा आएका इमरान शेख र ओपनर लोकेश बमले दोस्रो विकेटका लागि १०७ रनको साझेदारी गरेका थिए । यस सिजन यो पहिलो शतकिय साझेदारी हो ।

यस्तै आक्रमक ब्याटिङ गरेका आन्द्रे रसेलले २९ बलमा अविजित ५२ रन बनाए । आक्रमक ब्याटिङ गरेका उनले २ चौका र ५ छक्का प्रहार गरे । शुभम रन्जाने ७ रनमा अविजित रहे । बलिङमा जनकपुरका लागि अभिषेक तिवारीले २ तथा मोइन अलीले १ विकेट लिए ।

सांसद झाको आमाको निधन

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुमर कान्त झाकी आमा जगतारण देवीको ९१ वर्षको उमेरमा निधन भएको छ ।

मंगलवार बिहान करीब ११ बजेतिर खाना खानुअघि नै एक्कासी निधन भएको प्रदेश सांसदसमेत रहेका झाले बताएका छन् । उनले भने ९१ वर्षको उमेरमा पनि उहाँ स्वस्थ्य नै हुनहुन्थ्यो । मंगलवार बिहान एक्कासी खाना खानुअघि बित्नु भयो ।



दिवंगत जगतारण देवीलाई उहाँकै गाउँ लक्ष्मिनिया गाउँपालिकास्थित कुम्हरौडामा अन्तिम संस्कार गरिएको छ । उहाँको अन्तिम संस्कार दर्जनौको संख्यामा गाउँका भरभलादमी तथा आफन्तहरुको सहभागिता रहेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८